# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६८) काठमाडौं, कार्तिक २८ गते, २०७५ साल (अतिरिक्ताङ्क २८

## भाग ३

### नेपाल सरकार

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

### सूचना

### नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०७५

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस आदेशको नाम "नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०७५" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको कार्यकारी अध्यक्ष सम्झनु पर्छ ।

(ख) "कार्यालय प्रबन्धक" भन्नाले दफा ११ बमोजिम नियुक्त कार्यालय प्रबन्धक सम्झनु पर्छ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्षलाई समेत जनाउँछ ।

(ङ) "समिति" भन्नाले दफा ३ बमोजिम गठित नीति अनुसन्धान प्रतिष्ठान विकास समिति सम्झनु पर्छ ।

३. <u>नीति अनुसन्धान प्रतिष्ठान विकास समितिको गठन</u>: (१) नेपालको आर्थिक, सामाजिक, राजनैतिक, साँस्कृतिक, विकास, निर्माण, सुरक्षा, परराष्ट्र सम्बन्ध तथा शासकीय सुधार क्षेत्रका विभिन्न पक्षमा नेपाल सरकारले अपनाउने वा अपनाएको विभिन्न नीतिको अध्ययन, विश्लेषण र अनुसन्धान गरी गर्नु पर्ने सुधारको सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्न नीति अनुसन्धान प्रतिष्ठान विकास समिति नामको एक समिति गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा विभिन्न विधामा अध्ययन वा अनुसन्धान गरेका ख्याति प्राप्त अध्येता,

अनुसन्धानकर्ता, नीति विश्लेषक वा प्राज्ञिक व्यक्तिहरु मध्येबाट देहाय बमोजिमका सदस्य रहने छन् :-

(क) नेपाल सरकारबाट नियुक्त व्यक्ति - कार्यकारी अध्यक्ष

(ख) नेपाल सरकारबाट नियुक्त चार जना - सदस्य

(३) उपदफा (२) बमोजिम सदस्य नियुक्ति गर्दा समावेशी सिद्धान्तको आधारमा गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम नियुक्त सदस्यको पदावधि तीन बर्षको हुनेछ र निजको पुनः नियुक्ति हुन सक्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यको कार्यसम्पादन सन्तोषजनक नभएको अवस्थामा नेपाल सरकारले त्यस्तो सदस्यलाई पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मनासिब मौकाबाट बञ्चित गरिने छैन।

(६) कार्यालय प्रबन्धकले समितिको सचिवको हैसियतले काम गर्नेछ।

४. **सदस्यको योग्यता र अयोग्यता** : (१) देहायको योग्यता पुगेको नेपाली नागरिक सदस्य पदमा नियुक्ति हुन सक्नेछ :-

(क) कम्तीमा पैंतीस बर्ष उमेर पूरा भएको,

(ख) विद्यावारिधि उपाधि प्राप्त गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच बर्ष वा स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पन्ध्र बर्ष अध्ययन वा अनुसन्धानको काम गरेको,

(ग) अनुसन्धान (रिसर्च) का क्षेत्रमा ख्याति प्राप्त गरेको,

(घ) उच्च नैतिकता कायम गरेको।

(२) देहायको व्यक्ति सदस्य पदमा नियुक्त हुन वा त्यस्तो पदमा बहाल रहन योग्य हुने छैन :-

(क) उपदफा (१) बमोजिम योग्यता नभएको,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी,मानव बेचबिखन तथा ओसार पसार, लागूऔषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमाअदालतबाट सजाय पाएको,

(ग) साहूको दामासाहीमा परेको,

(घ) कुनै विदेशी मुलुकको आवासीय अनुमति प्राप्त गरेको ।

५. **<u>पद रिक्त हुने अवस्था</u>** : (१) देहायको अवस्थामा सदस्यको पद रिक्त हुनेछ :-

(क) निजले आफ्नो पदबाट राजिनामा दिएमा,

(ख) निजको पदावधि पूरा भएमा,

(ग) दफा ३ को उपदफा (५) बमोजिम निजलाई सदस्य पदबाट हटाइएमा,

(घ) निजको मृत्यु भएमा ।

(२) उपदफा (१) बमोजिम कुनै सदस्यको पद रिक्त भएमा बाँकी अवधिको लागि अर्को सदस्य नियुक्ति हुन सक्नेछ ।

६. **<u>समितिको काम, कर्तव्य र अधिकार</u>**:यस आदेशमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) विशेषज्ञ समूह (थिङ्क ट्याङ्क)समूहको रुपमा काम गर्ने,

(ख) नेपालले अख्तियार गर्नुपर्ने विभिन्न नीतिका सम्बन्धमा अध्ययन र अनुसन्धान गर्ने,

(ग) मुलुकले कुनै खास बिषयमा अपनाउनु पर्ने दीर्घकालीन, अल्पकालीन वा तत्कालीन नीति तथा सञ्चालन गर्नुपर्ने योजना, कार्यक्रम तथा रणनीतिका सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने,

(घ) नेपालको सामरिक मामिला, अन्तर्राष्ट्रिय सम्बन्ध, कूटनीति तथा परराष्ट्र नीतिको अध्ययन तथा अनुसन्धान गरी त्यसमा अपनाउनु पर्ने उपायका बारेमा नेपाल सरकारलाई नीतिगत सुझाव दिने,

(ङ) मुलुकमा आर्थिक उन्नति, सामाजिक न्याय, पारदर्शिता वा सुशासन कायम गर्न अपनाउनु पर्ने नीति र उपायका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(च) निजामती वा सार्वजनिक सेवालाई बढी प्रभावकारी, जवाफदेही, मर्यादित, कुशल तथा व्यावसायिक बनाउन त्यस्तो सेवामा गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(छ) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, राजस्व तथा सार्वजनिक सम्पत्तिको हिनामिना वा नोक्सानी तथा स्वार्थ बाझिने कार्य (कन्फिल्क्ट अफ ईन्टेरेष्ट) जस्ता विषयको निवारण एवं नागरिक बडापत्रको कार्यान्वयन वा पेशागत आचरणको पालनामा प्रभावकारिता ल्याउन नेपाल सरकारले अपनाउनु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारको सम्बन्धमा सिफारिस गर्ने,

(ज) सार्वजनिक प्रशासन, विकास प्रशासन, वातावरण संरक्षण, शासकीय सुधार, गरिबी निवारण तथा नेपाल सरकारले अपनाएका विभिन्न क्षेत्रगत नीति र प्रशासनको पर्यवेक्षण (अब्जरभेशन) गर्ने र त्यस्ता विषयमा अध्ययन तथा अनुसन्धान गरी त्यसमा देखिएका कमी, कमजोरीलाई पहिचान गरी सुधारको नीति तथा उपायहरुको प्रस्ताव सहित सुझाव दिने,

(झ) नेपाल सरकारको अनुरोधमा सम्बन्धित मन्त्रालयसँग समन्वय गरी कुनै खास विषयमा अपनाउनु पर्ने नीतिको मस्यौदा गरी कारबाहीको लागि सम्बन्धित मन्त्रालयमा पठाउने,

(ञ) समितिको कार्य सम्पादन गर्न आवश्यकता अनुसार विशेषज्ञहरुको सूची तयार गर्ने,

(ट) आवश्यकता अनुसार उपर्युक्त बिषयमा गोष्ठी, कार्यशाला, प्रवचन जस्ता कार्यक्रम सञ्चालन गर्ने,

(ठ) समितिको बार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृत गर्ने,

(ड) प्रतिष्ठानको उद्देश्यसँग सम्वन्धित बिषयमा अनुसन्धानात्मक प्रतिबेदन, पुस्तक तथा पत्रिका प्रकाशन गर्ने,

(ढ) मुलुकका बिभिन्न बिश्वबिद्यालय, अध्ययन संस्थान तथा समान उद्देश्य भएका स्वदेशी तथा बिदेशी संघ, संस्था वा बिश्वबिद्यालय वा अन्तर्राष्ट्रिय संस्थासँग सम्पर्क राख्ने तथा सहकार्य गर्ने ।

७. **समितिको बैठक सम्वन्धी कार्यविधि**: (१) समितिको बैठक प्रत्येक बर्षकम्तीमा चार पटकबस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठकबस्ने सूचना र बैठकको कार्यसूची बैठक बस्नुभन्दा कम्तीमा तीन दिन अगाडि नै अध्यक्षको निर्देशन बमोजिम कार्यालय प्रबन्धकले सदस्यहरूलाई दिनु पर्नेछ ।

(३) समितिको कूल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरूउपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमाउपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) समितिले आवश्यकता अनुसार नेपाल सरकारका बरिष्ठ अधिकृत, विश्वविद्यालयका प्राध्यापक वा कुनैविषयका स्वदेशी विज्ञहरूलाई समितिको बैठकमाआमन्त्रण गर्न सक्नेछ।

(७) समितिको निर्णय अध्यक्ष रसमितिकोसचिबले प्रमाणित गर्नेछन्।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

८. **अध्यक्षको सेवाका शर्त** : (१) अध्यक्ष समितिमा पूरा समय कार्य सम्पादन गर्ने प्रमुख कार्यकारी पदाधिकारी हुनेछ।

(२) अध्यक्षको पारिश्रमिक तथा अन्य सुबिधा नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

(३) समितिको काम, कारबाई तथा यसका उपलब्धिका लागि अध्यक्ष नेपाल सरकारप्रति रसमितिका सदस्यहरु अध्यक्षप्रति जवाफदेही हुनेछन्।

९. **अध्यक्षको काम, कर्तव्य र अधिकार** : यस आदेशमा अन्यत्र उल्लिखित अन्य काम, कर्तव्य र अधिकारका अतिरिक्त अध्यक्षको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको प्रमुख कार्यकारी पदाधिकारीको हैसियतले समितिको समग्र व्यवस्थापन, सञ्चालन गर्ने वा गराउने,

(ख) समितिको योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गरीसमितिमा पेश गर्न कार्यालय प्रबन्धकलाई निर्देशन दिने,

(ग) दफा १७ बमोजिम कायम गरिएको विशेषज्ञको सूची (रोष्टर) अद्यावधिक गर्ने,

(घ) समितिले अध्ययन वा अनुसन्धान गर्ने विषयको छनौट गरी त्यसको कार्य क्षेत्रगत शर्त (टर्मस् अफ रेफरेन्स) सहित समितिमा पेश गर्न लगाउने,

(ङ) समितिको मानवस्रोत व्यवस्थापन, आर्थिक प्रशासन तथा अन्य काम, कारबाहीको सुपरीवेक्षण गरी आवश्यकता अनुसार निर्देशन दिने,

(च) स्वदेशी तथा विदेशी विश्वविद्यालय वा संघ, संस्थासँग सम्पर्क राख्ने,

(छ) कुनै अध्ययन, अनुसन्धान वा शोध गर्ने अध्येता, अनुसन्धानकर्ता वा शोधकर्ताको प्रस्ताव स्वीकृत गर्ने,

(ज) तोकिए बमोजिम अन्य काम गर्ने वा गराउने ।

१०. **विषयगत अनुसन्धानकर्ता** : (१) समितिले अध्यक्षको सिफारिसमा विभिन्न विधा वा विषयमा अध्ययन, अनुसन्धान वा विश्लेषण गर्न देहाय बमोजिमका अनुसन्धानकर्ता नियुक्त गर्न सक्नेछ :-

(क) वरिष्ठ अनुसन्धानकर्ता (सिनियर रिसर्च फेलो),

(ख) अनुसन्धानकर्ता (रिसर्च फेलो),

(ग) सह अनुसन्धानकर्ता (एसोसिएटेड रिसर्च फेलो),

(घ) विश्लेषक (एनालिष्ट)।

(२) उपदफा (१) बमोजिम नियुक्त विभिन्न अनुसन्धानकर्ताको कार्य क्षेत्रगत शर्त (टर्मस अफ रिफरेन्स) त्यसरी नियुक्त गर्दाका बखत समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम नियुक्त विभिन्न अनुसन्धानकर्ताले सम्बन्धित विषयमा अध्ययन, अनुसन्धान वा विश्लेषण गरी त्यसको प्रतिवेदन वा अनुसन्धानपत्र समितिमा पेश गर्नु पर्नेछ।

११. <u>कार्यालय प्रबन्धक</u>:(१) समितिको कार्यालय सञ्चालन र व्यवस्थापन गर्न र समितिको कार्यसम्पादनमा अध्यक्ष तथा समितिका पदाधिकारीलाई सहयोग गर्न अर्थशास्त्र, इन्जिनियरिङ, व्यवस्थापन, वाणिज्य शास्त्र, इतिहास, संस्कृति, भूगोल, कानून वा अन्तर्राष्ट्रिय सम्बन्ध जस्ता विषयमा कम्तीमास्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश बर्षकोअनुभव भएका व्यक्तिहरुमध्येबाट खुला प्रतिस्पर्धाको आधारमा छनोट गरी समितिले एकजना कार्यालय प्रबन्धक नियुक्ति गर्नेछ।

तर यो आदेश प्रारम्भ भएपछि पहिलो पटकको हकमा उपदफा (१) बमोजिमको योग्यता पुगेका व्यक्तिलाई अध्यक्षको सिफारिसमा समितिले बढीमा छ महिनाको लागि कार्यालय प्रबन्धक पदमा करारमा नियुक्ति गर्न सक्नेछ।

(२)कार्यालय प्रबन्धकको छनोट गर्ने विधि तथा नियुक्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) कार्यालय प्रबन्धकको पदावधि दुई बर्षको हुनेछ र निज पुनः नियुक्त हुन सक्नेछ।

(४)उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यालय प्रबन्धककोकाम सन्तोषजनक नभएमा समितिले निजको पदावधि पूरा नहुँदै पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मनासिब मौकाबाटबञ्चित गरिने छैन ।

(५) कार्यालय प्रबन्धकको पारिश्रमिक, सेवाका शर्त तथा सुविधाहरूतोकिएबमोजिम हुनेछ ।

(६) अध्यक्षको निर्देशनमा कार्यालयको व्यवस्थापन र समितिको निर्णय कार्यान्वयन गर्ने वा गराउने जिम्मेवारी कार्यालय प्रबन्धकको हुनेछ ।

१२. **मानवस्रोत व्यवस्थापन**: (१) समितिको कार्य सम्पादनको लागि आवश्यकसङ्ख्यामा विषयगत अनुसन्धानकर्ता र कर्मचारी नियुक्ति हुनेछन् ।

(२) उपदफा (१) बमोजिम नियुक्ति हुने अनुसन्धानकर्ता विशेषज्ञ प्रकृतिका र कर्मचारी प्रशासनिक, प्राविधिक तथा विशेषज्ञ प्रकृतिका हुनेछन् ।

(३) उपदफा (२) बमोजिमका अनुसन्धानकर्ता र कर्मचारीहरुको दरबन्दीसमितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) समितिका कर्मचारीहरु समितिले निर्धारण गरे बमोजिम निश्चित अवधिका लागि आवधिक करारमा नियुक्ति हुनेछन् र निजहरुको काम सन्तोषजनक देखिएमा करारको अवधि थप गर्न सकिनेछ ।

(५) समितिका कर्मचारीहरुको नियुक्ति, पारिश्रमिक, सेवाका शर्तहरु तथा अन्य सुविधा तोकिए बमोजिम हुनेछ ।

(६) यस दफा बमोजिम थप आर्थिक दायित्व पर्ने विषयमा निर्णय गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ ।

१३. **समितिमा रहने विभाग** : (१) समितिको कार्य सम्पादन सहज तुल्याउन समितिमा देहायका बिभाग रहनेछन् :-

(क) अनुसन्धान (रिसर्च) बिभाग,

(ख) व्यवस्थापन बिभाग,

(ग) सूचना तथा ज्ञान (नलेज) व्यवस्थापन बिभाग।

(२) उपदफा (१) बमोजिमका बिभागको कार्य क्षेत्रगत शर्तहरु तथा त्यसमा रहने मानवस्रोत तोकिए बमोजिम हुनेछ।

१४. **समितिको कोष**: (१) समितिको एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायको रकम रहनेछ :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) समान उद्देश्य भएका अन्तर्राष्ट्रिय संघ, संस्था वा प्राज्ञिक संस्थाबाट प्राप्त रकम,

(ग) समितिले गरेको अनुसन्धानको प्रकाशनको बिक्री बितरणबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नु अघि समितिलेनेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) समितिको कोषमा प्राप्त हुने रकम समितिले तोकेको 'क' बर्गको इजाजतपत्र प्राप्त कुनै बैंकमासमितिको नाममा खाता खोली जम्मा गरिनेछ।

(५) समितिको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(६) समितिलाई जुन कार्यक्रम वा कामको लागि रकम प्राप्त भएको हो सो रकमसोही कार्यक्रम वा काममा खर्च गर्नु पर्नेछ ।

(७) समितिको कोषको खाता अध्यक्ष वा निजले तोकेको कुनै वरिष्ठ अधिकृत र आर्थिक प्रशासन शाखाको प्रमुखको हस्ताक्षरबाट सञ्चालन हुनेछ ।

(८) समितिको कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५. **लेखा र लेखापरीक्षण**: (१) समितिको आय व्ययको लेखा नेपालसरकारले अपनाएको ढाँचामा राख्नु पर्नेछ ।

(२) समितिले नेपाल सरकारले अपनाए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ ।

(३)समितिको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(४) नेपाल सरकारले समितिको आय व्ययको लेखा तत्सम्वन्धी कागजात र नगदी, जिन्सीको बिवरण जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१६. **कार्यदल गठन गर्न सक्ने**:(१) समितिले आफ्नो कार्यसम्पादन गर्नको लागि आवश्यकताअनुसार कार्यदल (टास्कफोर्स) गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यदलको कार्यक्षेत्रगत शर्त (टर्मस अफ रेफेरेन्स) तथा कार्याबधि त्यस्तो उपसमिति वा कार्यदल गठन गर्दाको बखत समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१७. **विशेषज्ञहरुको सूची** : (१) समितिले दफा ६ बमोजिमका विषयमा अध्ययन, अनुसन्धान वा विश्लेषण गर्न सम्बन्धित क्षेत्रका विशेषज्ञ वा दक्षहरु वा संस्थाहरुको सूची तयार गरी त्यसको रोष्टर बनाउनेछ ।

(२) समितिले उपदफा (१) बमोजिमको सूचीमा उल्लिखित विशेषज्ञ वा दक्ष वा संस्थाको नाम समय समयमा अद्यावधिक गर्नेछ ।

(३) समितिले उपदफा (१) बमोजिमको सूचीमा रहेका व्यक्ति वा संस्थाहरु मध्येबाट कुनै खास विषयको अध्ययन, अनुसन्धान वा विश्लेषण गराउन सक्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको सूचीमा नाम नपरेको कुनै विशेषज्ञ, दक्ष वा संस्थालाई उपदफा (३) बमोजिमको काममा लगाउन बाधा पर्ने छैन ।

१८. **सल्लाहकार नियुक्ति गर्न सक्ने** : (१) समितिले आफ्नो काममा सहयोग लिन सदस्य हुन योग्यता पुगेका व्यक्तिहरु मध्येबाट आवश्यक सङ्ख्यामासल्लाहकार वा सल्लाहकारहरु नियुक्तिगर्न सक्नेछ ।

(२) सल्लाहकारलाई समितिको बैठकमा आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

(३) सल्लाहकारको कार्यक्षेत्रगत शर्तहरु(टर्मस अफ रेफेरेन्स) समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१९. **प्रकाशन**: समितिले अध्ययन र अनुसन्धान गरे वा गराएको विषय समितिले नियमित प्रकाशनको रुपमा वा पुस्तकको रुपमा प्रकाशन गर्नेछ ।

तर नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, मुलुकको सुरक्षा वा सामरिक सम्बन्ध, बिदेशी मुलुकसँगको सुसम्बन्ध, विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्वन्धलाई प्रतिकूल असर पर्ने वा सार्वजनिक हित वा कानून र व्यवस्था (ल एण्ड अर्डर) लाई प्रतिकूल असर पर्न सक्ने विषयको अनुसन्धान, अध्ययन वा विश्लेषणको प्रतिवेदन सार्वजनिक गरिने छैन ।

२०. **बैठक भत्ता तथा अन्य सुविधाः** (१) समितिका सदस्यले समितिको बैठकमा भागलिएबापत समितिले निर्धारण गरे बमोजिमको बैठक भत्ता तथा अन्य सुविधा पाउनेछन् ।

(२) उपदफा (१) बमोजिमको बैठक भत्ता तथा अन्य सुविधा निर्धारण गर्नु अघिसमितिले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति प्राप्त गर्नु पर्नेछ ।

२१. **इन्टर्नसिप कार्यक्रम सञ्चालन** : (१) समितिले कम्तीमा स्नातकोत्तर तहमा अध्ययन गरी रहेका वा गरिसकेका मेधावी विद्यार्थी वा विद्वानलाई दफा १० बमोजिमका विषयगत अनुसन्धानकर्ता वा अध्ययनकर्तालाई सहयोग गर्न वा त्यस्ता विद्यार्थी वा विद्वानलाई अध्ययन, अनुसन्धान वा विश्लेषणका क्षेत्रमा रुचिप्रवर्द्धन गर्न वा उत्प्रेरित गर्न वा त्यस्ता विद्यार्थी वा विद्वानलाई त्यस्ता क्षेत्रमा व्यवहारिक ज्ञान प्रदान गर्ने उद्देश्यले समय समयमा इन्टर्नसिप कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१)बमोजिमको कार्यक्रमसञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) इन्टर्नसिप कार्यक्रम अन्तर्गत अध्ययन, अनुसन्धान वा विश्लेषण गर्ने विद्यार्थी वा विद्वानलाई समितिले तोकिए बमोजिम छात्रबृत्ति वा विद्वतबृत्ति दिन सक्नेछ ।

२२. **समितिको कार्यालय र नामः** (१) समितिको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

(२) समितिको कार्यालय "नीति अनुसन्धान प्रतिष्ठान" को नामबाट प्रचलित हुनेछ र अङ्ग्रेजीभाषामा यसलाई "पोलिसी रिसर्च इन्स्टिच्यूट" भनिनेछ ।

२३. **अधिकार प्रत्यायोजनः** (१)समितिले आफूलाई प्राप्त अधिकार आवश्यकता अनुसार अध्यक्ष, सदस्य, दफा १० बमोजिम नियुक्त अनुसन्धानकर्ता,दफा १६ बमोजिम गठित कार्यदल वा कार्यालय

प्रबन्धक वा समितिको कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) अध्यक्षले आफूमा अन्तरनिहित कुनै अधिकार समितिका कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२४. **वार्षिक प्रतिवेदन पेश गर्ने**: (१) समितिले तोकिए बमोजिमको विवरण खुलाई प्रत्येक बर्ष आफूले सम्पादन गरेको कामको बार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त समितिबाट एकआर्थिक बर्षमा भएका प्रमुख कार्य, समितिको बार्षिक नीति, योजना र कार्यक्रमको कार्यान्वयनको स्थिति र त्यसको उपलब्धि तथा लागत र समितिबाट भएको बार्षिक खर्चको विवरण उल्लेख गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन नेपाल सरकारले सार्वजनिक गर्नु पर्नेछ ।

२५. **नेपाल सरकारसँग सम्पर्क**: समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत राख्नु पर्नेछ ।

२६. **नियम बनाउने अधिकार**: यो आदेश कार्यान्वयन गर्न समितिले आवश्यक नियमहरु बनाउन सक्नेछ र त्यस्तो नियम नेपाल सरकारबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**आज्ञाले,**

**रमेश ढकाल**

**सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू १०।-
गो.हु.द.नं. १६।२०६२।६३